# पर्वत जिल्ला अदालत

## कुश्मा, पर्वत

पत्र संख्या :- २०७६/०७७
चलानी नं. :-

फोन नं. ०६७–४२०१९५
मिति :- २०७६।१२।२८

## सूचना ! सूचना !! सूचना !!!

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईसर (COVID-19) संक्रमणको कारण सम्मानीत सर्वोच्च अदालतको मिति २०७६।१२।०७ गतेको पूर्ण बैठक पश्चात ऐ १२ र २१ गतेको को पूर्ण बैठकको निर्णयानुसार यस अदालतबाट प्रवाह गरीने सेवाहरु मध्ये पक्राउ पुर्जी अनुमती, जरुरी पक्राउ पुर्जी स्वीकृती, बन्दी प्रत्यक्षीकरणको निवेदन, संक्रमण संग सम्बन्धीत निवेदन सुन्ने बाहेकका मुद्दा सुनुवाई सम्बन्धी अन्य कार्यहरु स्थगन गरीएकोमा सम्मानीत सर्वोच्च अदालतको मिति २०७६।१२।२८ को पूर्ण बैठक तथा च.नं. १७७६ मिति २०७६।१२।२८ गतेको परिपत्र अनुसार नेपाल सरकारबाट जारी भएको बन्दाबन्दीको अवधी मिति २०७७।०१।०३ गते सम्म बढाईएको र सो बन्दाबन्दीलाई नेपाल सरकारले निरन्तरता दिएको अवस्थामा सोही अनुरुप थपिएको अवधी सम्मकालागी यस अदालतबाट देहायका सेवाहरु प्रवाह हुने तथा मुद्दाको कारवाही र सुनुसवाई सम्बन्धी अन्य कार्यहरु नेपाल सरकारद्धारा जारी गरीएको बन्दाबन्दी समाप्त भएको तीन (३) दिन पछी मात्र नियमित रुपमा सञ्चालन हुने व्यहोरा सरोकारवाला सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरीएको छ।

<u>तपशिल</u>

१) बन्दी प्रत्यक्षीकरणको निवेदन
२) पक्राउ अनुमती
३) जरुरी पक्राउ पुर्जी स्वीकृती
४)संक्रमण संग सम्बधित निवेदनहरु
५) म्याद थप
६) अभियोग पत्र दर्ता
७) पक्राउ परी आएका अभियुक्तको वयान लिने तथा थुकछेक आदेश सम्बन्धी कार्यहरु।

*पूनश्च :– म्याद थप, अभियोग पत्र दर्ता, पक्राउ परी आएका अभियुक्तको वयान लिने तथा थुकछेक आदेश सम्बन्धी कार्य समेतका सेवा प्रवाह आज मिति २०७६।१२।२८ गतेबाट सुचारु हुने साथै मुद्दाको तारेख लगायतका अन्य कार्य यस अदालतको पूर्व मितिमा प्रकाशित सूचना अनुसार अदालत खुलेको मितिले बाटाका म्याद बाहेक १० दिन भित्र आएमा म्याद तारेख नगुज्रीने व्यहोरा समेत जानकारी गराईन्छ।*

"अदालतमा सेवा लिन आउदा भिडभिड कम गरी संक्रमण हुनबाट आफु पनि बचौ र अरुलाई पनि बचाऔं।"